## बकैया गाउँकार्यपालिकाको मिति २०७९।१२।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. नदिजन्य पदार्थ चोरि निकारी नियन्त्रणको लागि ढाट राख्ने सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा विभिन्न खोलाहरुबाट गैरकानूनी रुपमा नदिजन्य पदार्थ उत्खन्न गरी बिक्रि वितरण भईरहेको सन्दर्भमा सो कार्यलाई नियन्त्रण गर्दै करको दायरामा ल्याउन आवश्यक देखिएकोले बकैया गाउँपालिका वार्ड न ५ स्थित श्रीपुरमा ढाट राखी प्रति घन फिट मुल्य अभिवृद्धि कर सहित रु ११.३३ (अर्थात प्रति घनमिटर रु ४००) तथा प्रति ट्याक्टर रु १२००।-, मिनि ट्रिपर रु.२०००।- रु ट्रिपर छचक्के रु २८००।–, ट्रिपर १० चक्के रु ४८००।-, ट्रिपर १२ चक्के रु ६४००।- का दरले राजश्व तथा जरिवाना वापत पटकै पिच्छे असुल उपर गर्ने सर्वसम्मत बाट निर्णय गरियो ।

**२. नदिजन्य पदार्थ उत्खननका लागि ठेक्का आह्वान सम्वन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ३, ४ र ७ भएर बग्ने सिमात खोला, हिरामुनी खहरे खोला र चम्पा खहरे खोलाका विभिन्न तोकिएका घाटहरुवाट तथा वडा नं. ४, ५, ६ र ७ भएर बग्ने बकैया खोला र सुकौरा खोलाका विभिन्न तोकिएका घाटहरुवाट ढुङ्गा, गिट्टी र वालुवाको दिगो उत्खनन् तथा सङ्कलन कार्यका लागि आ. व. २०७८।७९ मा गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन बमोजिम स्वीकृत भएको नदिजन्य पदार्थ उत्खनन गर्नेगरि ठेक्का न. BRM/NCBR/01/079-080 मार्फत ८०,०००। घन मिटर तथा ठेक्का न. BRM/NCBR/02/079-080 मार्फत ८०,०००।- गरी १,६०,०००। घनमिटर नदिजन्य पदार्थ विक्रि वितरणको लागि दुई पटक सम्म खुला वोलपत्र आवह्रान गरिएकोमा कुनै पनि प्रस्ताव नपरेको साथै यो आर्थिक वर्षको लागि समय अवधि समेत कम रहेको साथै यस आर्थिक वर्षमा राजश्वको लक्ष्य समेत हासिल गर्ने मुख्य स्रोत समेत नदिजन्य पदार्थ रहेको सन्दर्भमा वकैया खोलावाट २७,०००।– घनमिटर, हिरामुनी खोलावाट ३०,०००।– सिमात खोला १५,७००।- घनमिटर तथा सुकौरा खोला ४००००।-घनमिटर को परिमाण १५ दिनको सिलवन्दी दरभाउपत्र मार्फत ठेक्का आवह्रान गर्ने निर्णय गरियो ।

**३. योजना माग गर्ने सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस पालिका अन्तर्गत आवश्यक तपशिल वमोजिमको योजनाहरु सम्वन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

तपसिल

१. कर्मया वस्तिपुर जोड्ने कर्मयाखोला झोलुङ्गेपुल ( DPR सहित) बकैया वडा न. ८
२. चिसापानी खजुरीदमार जोड्ने देउताखोला झोलुङ्गेपुल( DPR सहित) बकैया वडा न. ८
३. वकैया हाँतिसुडे गोठडाडा वस्तिपुर फापरवारी वेतिनि मन्थलि १० ललितपुर बागमति सडक
४. हात्तिसुडे वसन जोड्ने पक्कि/वेलिब्रिज( DPR सहित) बकैया वडा न. ३

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

महेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

धनराज लामिछाने
अध्यक्ष

४. विविध योजनाको बजेट विनियोजन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा तपशिल बमोजिमको योजनाहरुमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

१. बुद्ध माध्यामिक विद्यालय, फिल्टर जडान रु १,००,०००।(वन तथा वातावरण शिर्षकवाट भुक्तानी दिने)
२. ज्ञ्यानज्योति माध्यामिक विद्यालय, चम्पाखहरे रु.२०,०००।(वन तथा वातावरण शिर्षकवाट भुक्तानी दिने)
३. वडा न. १० केराबारी मन्थली विद्युत विस्तार रु.१०००००।(विद्युत विस्तार शिर्षकवाट भुक्तानी दिने)
४. जनक माध्यामिक विद्यालय रु१,५०,०००।(विविध भौतिक पुर्वाधार शिर्षकवाट भुक्तानी दिने)
५. श्रीपुर माझि वस्ति लिफ्ट सिंचाई विद्युतको तार ABC Cable रु.६५०००।(विद्युत विस्तार शिर्षकवाट भुक्तानी दिने)
६. कोलखहरे टाँसी छोयोईदेन गुम्बा वरण्डा मर्मत रु३०,०००।(विविध भौतिक पुर्वाधार शिर्षकवाट भुक्तानी दिने)
७. जुरेली देखी नपा वस्ती विद्युत विस्तार रु.७१०००।(विद्युत विस्तार शिर्षकवाट भुक्तानी दिने)
८. बागमति गोल्डकप आर्थिक सहयोग रु ५००००।(विविध भौतिक पुर्वाधार शिर्षकवाट भुक्तानी दिने)
९. ईलाका प्रहरी कार्यलाय फापरवारीलाई चाडपर्व खर्च वापत रु १५०००।(धर्म संस्कृतिको प्रवर्दन शिर्षकबाट भुक्तानी दिने)

५. स्वास्थ्य भवनहरु निर्माणको बजेट बाडफाँड सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा वकैया गाउँपालिकाको तपसिल अनुसारका वडाहरुमा रहेको स्वास्थ्य भवनहरु निर्माण पूर्णताको लागि आधारभुत स्वास्थ्य केन्द्र भवन निमार्ण भुक्तानी शिर्षकमा प्राप्त भएको बजेटलाई लागत अनुमानको आधारमा तपसिल बमोजिम बाडफाड गर्ने निर्णय गरियो ।

| वडा न. | विवरण | विनियोजन गरिएको रकम |
|---|---|---|
| ३ | वडा स्वास्थ्य भवन पुर्णता | १० लाख |
| ४ | ईमरजेन्सी भवन पुर्णता | १५ लाख |
| ५ | वडा स्वास्थ्य भवन पुर्णता | ११ लाख ७८ हजार |
| ७ | वडा स्वास्थ्य भवन पुर्णता | १० लाख |
| ८ | वडा स्वास्थ्य भवन पुर्णता | ४ लाख २० हजार |
| ८ | नर्सिङ्ग भवन निर्माण | १४ लाख ८० हजार |

धर्मराज लामिछाने
अध्यक्ष

| | | |
|---|---|---|
| १० | वडा स्वास्थ्य भवन पुर्णता | १० लाख |
| ११ | वडा स्वास्थ्य भवन पुर्णता | ११ लाख |
| | जम्मा | ८५ लाख ७८ हजार |

६. बालमैत्री सुचक संशोधन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकालाई बालमैत्रीयुक्त गाउँपालिकाको रुपमा स्थापित गराउनको लागि बालमैत्रीका सूचकहरुमध्ये बालसंरक्षणको दशौं सूचकबाट तपशिल अनुसार हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

"गाउँपालिकालाई लागुपदार्थमुक्त गाउँपालिकाको रुपमा स्थापित गरेको हुनेछ । साथै कुलतमा लागेका बालवालिकाहरुको लागि बालसुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछ।"

७. बकैया आधारभुत अस्पतालबाट नियमति आँखा स्वास्थ्य सेवा प्रदान गर्ने सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया आधारभुत अस्पतालमा मिति २०८० श्रामण १ गतेबाट नियमति रुपमा आँखा स्वास्थ्य सेवा प्रदान गर्नको लागि गाउँपालिकाबाट मानव संशाधन र आवश्यक पूर्वाधारको र हेटौडा सामुदायिक आखाँ अस्पतालबाट उपकरण तथा प्राविधिक सहयोग हुने गरी तिलगंगा आँखा प्रतिष्ठान हेटौडा सामुदायिक आखाँ अस्पताल सँग सम्झौता गर्ने निर्णय गरियो ।

८. ठेक्का म्याद थप सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा तपशिल बमोजिमको ठेक्काको म्याद तपसिल वमोजिम थप गर्ने निर्णय गरियो ।

१. ठेक्का नं. BRM/NCBW/22/2077/2078 (Construction of Motorable RCC Bridge Over Bangdaha Khola along Shikhar-Manthali road) मिति २०८० असाढ २० सम्म

२. BRM/NCB/2076/2077 ( Construction of RCC building of Bakaiya Rural Municipality Ward no. 9 Office building ) ति २०८० जेष्ठ ३० सम्म ।

९. रणनीति स्वीकृत गर्ने सम्वन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरण रणनीति २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

१०. योजना संशोधन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिकाको आ.व.२०७९।८० मा विभिन्न वडास्तरमा स्वीकृत योजना तथा बजेट शिर्षकहरुलाई संशोधन गर्ने भनि वडा समितिको निर्णय सहित सिफारिस प्राप्त तपशिलका योजना तथा बजेट शिर्षकमा संशोधन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हर्नामाडी, मकवानपुर बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

१.वडा न.८ को लड्वा डाडा खानेपानी योजनामा विनियोजित बजेटलाई स्कुल चौक हुदै लुड्वा डाडा जानेबाटो गोठडाडा

२. सुधा खेल मैदान योजनालाई बुद्ध सलिड गुम्बा घडेरी निर्माण गर्ने

३. जुईना सतल भवन निर्माण योजनालाई ज्यामिरे चर्चटोल कृषि सडक निर्माण